नेपाल सरकार

अर्थ मन्त्रालय

# राजस्व अनुसन्धान विभाग

## बार्षिक प्रतिवेदन

आ.व.

२०६५।६६

# विषय सूची


प्रारम्भिक

१.१ पृष्ठभूमी १

१.२ राजस्व अनुसन्धान विभागको स्थापना १

१.३ विभागको उद्देश्य २

१.४ विभागबाट हुन मुख्य मुख्य कार्यहरु २

१.५ अधिकार क्षेत्र तथा प्रयोग भएका ऐन/ नियमहरु ३

संगठन संरचना, जनशक्ति र कार्य प्रक्रिया

२.१ विद्यमान संगठन संरचना ५

२.२ जनशक्ति व्यवस्थापन ५

२.३ कार्य प्रक्रिया ६

आर्थिक वर्ष २०६६।६७ को प्रगति

३.१ विभागबाट सम्पन्न भएको अनुसन्धानको विवरण ७

३.२ मुद्दा फर्स्यौट सम्बन्धी विवरण ८

३.३ चालु आर्थिक वर्षमा भए गरिएको मुख्य मुख्य सुधारका कार्यहरु ९

३.४ कार्यगत लक्ष्य प्रगति विवरणः १३

राजस्व चुहावट नियन्त्रणको रणनीतिक पक्ष

४.१ राजस्व चुहावटका प्रवृति/प्रवृतिहरु २१

४.२ राजस्व चुहावटका मुलभूत कारणहरु २१

४.३ राजस्व चुहावट नियन्त्रणका रणनीतिहरु २२

४.४ राजस्व चुहावट नियन्त्रणको कार्यनीतिहरु २३

वर्तमान चुनौती र समस्याहरु तथा समाधानका उपायहरु

५.१ संस्थागत संरचनात्मक समस्या २५

५.२ नीतिगत समस्या २५

५.३ कानूनी समस्या २६

५.४ मानव संसाधन विकास सम्बन्धी समस्या २६

५.५ सूचना प्रणाली सम्बन्धी समस्या २६

५.६ संगठनात्मक समस्या २७

५.७ कार्य प्रक्रियागत समस्या २७

५.८ साधन र स्रोतको समस्या २७

राजस्व अनुसन्धान सुदृढीकरण तथा आर्थिक अपराध नियन्त्रणको लागि विकल्पहरु

आर्थिक अपराध नियन्त्रण व्यूरोका स्थापना २८

रा.अ.वि.को पूर्नसंरचना र सुदृढीकरण २९

# खण्ड एक - प्रारम्भिक

## १.१ पृष्ठभूमी

नेपालमा वि. सं. २०१८/१९ सालतिर भन्सार निवारण टोलीको नामबाट सर्वप्रथम राजस्व अनुसन्धान सम्बन्धी कार्यको शुरुवात भएको पाइन्छ । प्रिभेन्टिभ अफिसर र भन्सार अधिकृत वीच समन्वयको अभावले गर्दा यसबाट अपेक्षित परिमाण प्राप्त भएन । यसले गर्दा वि.सं. २०३० सालमा भन्सार कार्यालयको नियन्त्रण एवं निगरानीमा भन्सार रेखदेख टोली गठन गरियो । यसबाट पनि सन्तोषजनक परिणाम प्राप्त नभएपछि तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार सो टोलीलाई गृह मन्त्रालय अन्तर्गत राखी जिल्ला प्रशासन सीमा इकाइमा रुपान्तरण गरी भन्सार चोरी निकासी पैठारी नियन्त्रण कार्यको थालनी गरियो । यसबाट पनि समन्वयको अभावले गर्दा प्रभावकारी कार्य हुन सकेन । तत्पश्चात् भन्सार रेखदेख टोलीलाई अञ्चलाधिशको मातहतमा राख्ने र टोलीको सञ्चालन एवं नियन्त्रण स्थानीय भन्सार अधिकृतसंग समन्वय राखी कार्य सञ्चालन गर्ने व्यवस्था गरिएको पाइन्छ । त्यसै गरी वि.सं. २०४७ सालमा अञ्चलाधिश पद खारेज भएपछि गस्ती टोलीको नियन्त्रण अर्थ मन्त्रालयको राजस्व अनुसन्धान महाशाखाबाट गर्ने व्यवस्था मिलाइयो । यसबाट पनि अपेक्षित उपलब्धि हासिल नभएकोले अलग्गै विभाग स्थापना गरी प्रभावकारी बनाउन बि.सं. २०५० सालमा राजस्व अनुसन्धान विभागको स्थापना गरियो । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को कार्यान्वयनको लागि कानुनतः राजस्व अनुसन्धान विभागलाई जिम्मेवारी दिइयो । परम्परागत रुपमा राजस्वको प्रमुख श्रोतको रुपमा भन्सार महसुललाई मानिदै आएबाट राजस्व चुहावट नियन्त्रण कार्य पनि भन्सार केन्द्रित हुदै आएको देखिन्छ । राजस्व अनुसन्धान विभाग स्थापना पूर्वको स्थिती पनि भन्सार केन्द्रित नै रहेको थियो । वर्तमान अवस्थामा राजस्व अनुसन्धान विभागको कार्य क्षेत्र, भन्सार, मूल्य अभिवृद्धि कर अन्तःशुल्कको अतिरिक्त अन्य राजस्व चुहाठट, मुद्रा सुदृढीकरण र विदेशी विनिमय अपचलनसम्म विस्तार गरिएको पाईन्छ ।

### १.२. राजस्व अनुसन्धान विभागको स्थापना

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले वि. सं. २०४७ सालमा तत्कालीन श्री ५ को सरकारले भन्सार गस्ती टोलीले गर्दै आएको कार्यसमेत अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान महाशाखाबाट गर्नेगरी तोकिए अनुसार सो महाशाखाले भन्सार, चोरी पैठारी, विदेशी विनिमय र राजस्व चुहावटसंग सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकातका विषयहरुको छानवीन गर्दै आएको थियो । राजस्व चुहावट नियन्त्रण गर्ने कार्य अर्थ मन्त्रालयको एउटा महाशाखाबाट मात्र प्रभावकारी रुपले सम्पादन गर्न नसक्ने महसुस गरी २०५० सालदेखि उक्त महाशाखालाई राजस्व अनुसन्धान विभागमा परिणत

गरियो । सरकारले भन्सार मात्र नभई समस्त राजसव र कर प्रशासनको क्षेत्रमा हुने राजस्व चुहावट ( नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ तर्जुमा गरी २०५३ वैशाख १ गतेदेखि लागू गरेको छ । सोही ऐन तथा सरकारबाट समयसमयमा प्रत्यायोजित अधिकारको अधिनमा रही राजस्व अनुसन्धान विभागले राजस्च चुहावट नियन्त्रण तथा रोकथाम गर्ने प्रयास पुरा गर्दै आएको छ । हाल विभागलाई गैर कर राजस्व, विदेशी विनिमयको अपचलन रोृकथाम र। मुद्धा ससदृडिकरण (मनी लाउण्डरिङ्ग) निवारण सम्बन्धी कार्य पनि सम्पादन हुदैं आएका छन् ।

## **१.३. विभागको उद्देश्य**

आर्थिक सूचना प्रणालीको माध्यमबाट पारदर्शी अर्थतन्त्र, स्वच्छ र उत्तरदायी राजस्व प्रशासनको संस्थागत विकास गरी राजस्व चुहावट न्यूनीकरण तथा आर्थिक अपराध नियन्त्रण गर्ने मूल लक्ष्य लिई देहाय बमोजिमका उद्देश्यले विभाग कार्यरत रहेको छ :

- सर्वसाधारण जनताको आर्थिक हित अभिवृद्धि गर्ने,
- आर्थिक विकास द्रुतत्तर गतिले गर्नको लागि बढी भन्दा बढी राजस्व परिचालन गर्ने,
- कर राजस्व चुहावटलाई प्रभावकारी रुपमा रोकथाम तथा नियन्त्रण गर्ने,
- राजस्व संकलनमा वृद्धि गर्ने कार्यलाई प्रवर्द्धन गर्ने,
- राजस्व चुहावट र आर्थिक अपराधको अनुसन्धान तथा नियन्त्रण गर्ने,
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान तथा नियन्त्रण गर्ने,
- सम्पत्ति शुद्धिकरण (Money Laundering) निवारण सम्बन्धी कार्य गर्ने,

## १.४. **विभागबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु**

राजस्व अनुसन्धान विभागका प्रमुख कार्यहरु देहाय वमोजिम रहेका छनः

- राजस्व चुहावट गरेको पाइएमा विभाग आफैले अनुसन्धान गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार सम्बन्धित अदालतमा मुद्धा दायर गर्ने ।
- भन्सार कार्यालयबाट जांचपास भै आएका सामानहरु चेकजांच गरी भन्सार महसुल नतिरेको वा कम तिरेको पाइएमा भन्सार ऐन अनुसार कारवाही गर्ने ।
- मूल्य अभिवृद्धि कर ऐन अनुसार तिर्नु पर्ने राजस्व तिरेको नपाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कारवाही गर्ने ।
- भन्सार क्षेत्र वाहिरबाट चोरी पैठारी गरी ल्याएका सामान कव्जामा लिई भन्सार चोरी पैठारी मुद्दा बनाई कारवाही गर्ने ।
- राजस्व चुहावट भएको सूचना प्राप्त भएमा वा प्रारम्भिक अनुसन्धानबाट राजस्व चुहावट भएको पाइएमा अनुसन्धान गरी नियमानुसार कर निर्धारण गर्न सम्बन्धित विभाग एवं सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने ।

- राजस्व चुहावट कार्यमा कर्मचारी समेतको मिलोमतो भएको पाइएमा त्यस्ता कर्मचारीहरुलाई कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- राजस्व चुहावट नियन्त्रण गर्न कुनै नियम कानुनमा संशोधन गर्नु पर्ने भएमा वा राजस्व चुहावट नियन्त्रण सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरुको पहिचान गरी राजस्व असुल गर्ने अन्य विभागहरुलाई त्यस तर्फ ध्यानाकर्षण गराउने ।
- राजस्व असुल गर्ने कार्यालयहरुले अपनाउनु पर्ने प्रकृयामा भएको कमि कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रकृयामा सुधार गर्न सम्बन्धित विभागमा लेखी पठाउने ।
- भन्सार विभाग र आन्तरिक राजस्व विभागबाट जारी भएको कार्यविधि अनुसार काम कारवाही भए गरेको नपाइएमा त्यस तर्फ सम्बन्धित विभागको ध्यानाकर्षण गराउने ।

## १.५. अधिकार क्षेत्र तथा प्रयोग भएका ऐन / नियमहरुः

आफ्नो कार्यक्षेत्र र अधिकारको प्रयोग गर्न पर्दा रा.अ.वि. लाई देहायका ऐन नियम वमोजिम कार्य गर्ने गरेको छ :

### (क) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास दुत्तर गतिले गर्नको लाग अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्ने उद्देश्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले निर्दिष्ट गरे वमोजिम विभागलाई राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी तथा परिणाममुखी भूमिका खेल्न सहयोग पुऱ्याएको छ । राजस्च चुहावट सम्बन्धी कार्यको अनुसन्धान/तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा चलाउने अधिकार विभागलाई यस ऐनले प्रदान गरेको छ ।

### (ख) सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (विभाग तोकिएको)

सम्पत्ति सुद्धिकरण निवारण ऐन, २०६४ अनुरुप अनुसन्धान तथा तहकिकातका लागि एक अलग्गै विभाग रहने गरी ऐनले निर्दिष्ट गरेता पनि यस सम्बन्धी अलग विभाग स्थापना नभएसम्मका लागि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मिति २०६५।५।२० देखि लागू हुने गरी यस विभागलाई सो कार्य गर्ने गरी अधिकार प्रदान गरेको छ । यस सम्बन्धी नियमावली तर्जुमा भइरहेको र शुरुको वर्ष भएका कारणले हालसम्म यस ऐन अन्तर्गत २ वटा केश अनुसन्धानको क्रममा रहेको छन् । यस ऐनलाई यथार्थ रुपमा कार्यान्वयनमा ल्याउनका लागि भने विभागको मौजुदा संगठन र जनशक्तिको विकास गर्नुपर्ने गर्नुपर्ने  देखिएको छ ।

**(ग) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (प्रत्यायोजित)**

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बाट यस विभागमा प्राप्त कानूनी अधिकारका सम्बन्धमा हालसम्म विदेशी विनिमयको कारोबार तथा ओसार पसार सम्बन्धमा विभागको मौजुदा जनशक्ति र सांगठनिक स्वरुपले समेत स्वयंले खानतलासी एवं पक्राउ नगरी नेपाल प्रहरी लगायतका निकायहरुबाट दाखिला हुन आएको विदेशी विनिमय अपचलनका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्धा दायर गर्ने गरिएको छ ।

**(घ) मूल्य अभिवृद्धि कर ऐन, २०५२ (प्रत्यायोजित)**

विभिन्न उद्योग/फर्महरुको कारोबारको अनुसन्धान तथा तहकिकात गरी कर निर्धारणको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ प्रयोग गरी नेपाल सरकारले तोकिदिएको अधिकृतबाट उक्त ऐनको प्रयोग गरी विभागबाट नै कर निर्धारण गर्दा अनुसन्धान तथा छानवीन कार्य अझ बढी प्रभावकारी, परिणाममुखी तथा शीघ्र भएको अनुभव रहेको छ ।

**(ङ) भन्सार ऐन, २०६४ (प्रत्यायोजित)**

भन्सार चोरी पैठारी भै आएका सामानहरु यस विभागले कव्जामा लिई भन्सार ऐन, २०६४ को दफा ८४ प्रयोग गरी नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालय प्रमुख (अधिकृतस्तर) लाई भन्सार अधिकृत तोकी (अधिकार प्रत्यायोजन गरी) भन्सार ऐन प्रयोग गर्ने व्यवस्था दिएपछि अनुसन्धान तथा कारवाहीमा वृद्धि भई राजस्व संकलनमा समेत उल्लेखनिय प्रगति भएको पाईएको छ ।

**च) अन्तःशुल्क ऐन, २०५८ (प्रत्यायोजित):**

अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालय प्रमुख (अधिकृतस्तर) लाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्क अधिकृतको कार्य गर्ने गरी तोकिएको छ । प्राप्त सूचनाको आधारमा एवम् अनुसन्धानको सिलसिलामा अन्तःशुल्क चुहावट भएको अवस्था भएमा उक्त प्रत्यायोजित अधिकार बमोजिम अन्तःशुल्क निर्धारण गर्ने गरिएको छ । उक्त ऐनको प्रयोगले कारवाहीमा वृद्धि हुनुको साथै राजस्व संकलनमा समेत अभिवृद्धि भएको छ ।

# खण्ड दुई – संगठन संरचना, जनशक्ति र कार्य प्रक्रिया

## २.१. विद्यमान संगठन संरचनाः

विभागको विद्यमान संगठन संरचना अनुसूची - १ मा दिईएको छ । विभागको वर्तमान कार्यबोझको हिसावले हेर्दा संगठनलाई परिमार्जन गर्नुपर्ने देखिएको छ । संगठनको पुनरावलोकन सम्बन्धी प्रक्रिया अघि बढेको छ ( सार संक्षेप अनुसूची-२ मा दिईएको) ।

हाल यस विभाग अन्तर्गत ४ वटा क्षेत्रीय इकाई कार्यालयहरु (इटहरी, पथलैया, वुटवल र कोहलपुर) र २ अस्थायी चेकपोष्ट (थानकोट र धुलिखेल) रहेका छन । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२, विदेशी विनिमय नियमित गर्ने ऐन २०१९, सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४ अन्तर्गत तोकिएका कार्यहरु सम्पन्न गर्ने जिम्मेवारी यस विभागलाई सुम्पिएको छ । विभाग र अन्तर्गतका पदाधिकारीहरुलाई नेपाल सरकारवाट भन्सार ऐन २०६४, मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा अन्तःशुल्क ऐन २०५८ अनुरुप क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको समेत अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन भएको छ । यस विभागलाई राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारी परिचालन गर्न सक्ने अधिकार पनि रहेको छ । सुरुमा कर राजस्वको चुहावट सम्बन्धमा अनुसन्धान र नियन्त्रण गर्ने जिम्मेवारी पाएको यस विभागले हाल गैरकर राजस्वको समेत अनुसन्धान तहकिकात र कारवाही गर्ने जिम्मेवारी पाएको छ । त्यसैगरी विदेशी विनिमय नियमित गर्ने ऐन अर्न्तगत विदेशी विनिमयको अपचलनको रोकथाम तथा नियन्त्रणको अनुसन्धान यस विभागको कार्यक्षेत्र अर्न्तगत जिम्मेवारी तोकिएको छ भने आ.व.२०६५।६६ देखि अर्को व्यवस्था नभएसम्म सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको कसुरको अनुसन्धान सम्वन्धी कार्य समेत यस विभागलाई तोकिएको छ । यस अर्थमा समग्र राजस्व चुहावट र आर्थिक अपराधको अनुसन्धान, तहकिकात र नियन्त्रणका लागि यस विभागलाई जिम्मेवार बनाइएको छ । अतः तोकिएको कार्य जिम्मेवारी र दायित्व निर्वाह गर्नेगरी विभागको संगठन स्वरुप एवं संरचनालाई समय सापेक्ष सुधार गर्नुपर्ने देखिएको छ ।

## २.२ जनशक्ति व्यवस्था :

विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) को महानिर्देशक रहने व्यवस्था छ । निजको अतिरिक्त राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) कै थप थप एक जना उप-महानिर्देशक र राजस्व समुहतर्फका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक २ जना, राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृत ५ जना लेखा समुहतर्फको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत एक जना, न्याय सेवा सरकारी वकिल समुहतर्फको राजपत्रांकित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता एक र राजपत्र अनंकित तर्फ २३ जना, गस्ती तर्फ १४ जना, सवारी चालक ६ जना तथा परिचर ३ जना गरी विभागमा जम्मा ५७ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । कर्मचारी दरवन्दीको तेरिज अनुसूचची ३ मा दिइएको छ ।

विभाग मातहत पूर्वाञ्चल क्षेत्रको लागि इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि कोहलपुरमा एक एक क्षेत्रीय स्तरका इकाई कार्यालयहरु रहेका छन् । ती सबै इकाई कार्यालयहरुको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, राजस्व समुहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत रहने र १/१ जना अधिकृत स्तरको अनुसन्धान अधिकृत र अन्य राजपत्र अनंकित कर्मचारीहरु तथा गस्ती कर्मचारीहरुको स्वीकृत दरवन्दी रहेको छ । इकाई कार्यालयहरुतर्फ अधिकृतस्तरका ८ जना, सहायक तथा गस्तीतर्फ ७७ गरी जम्मा ८५ जनाको दरवन्दी रहेको छ । इकाई कार्यालयहरुको संगठन संरचना र दरवन्दी विवरण अनुसूची ४ मा दिईएको छ ।

## २.३ कार्य प्रक्रिया:

**(क) सूचना संकलन विधि:**

- **वाह्य स्रोत**
- **आन्तरिक स्रोत**

**(ख) सूचना विश्लेषण:**

- **स्थलगत अध्ययन**
- **कारोवारको अध्ययन**
- **थप प्रमाणको संकलन**

**(ग) खानतलासी एवं परीक्षण:**

- **राजमार्गमा गस्ती परिचालन र शंकास्पद ढुवानी साधनको परीक्षण**
- **कारोवार स्थलमा छापा मार्ने र उपलब्ध कागजातको आधारमा करदाताको वयान र अनुसन्धान**
- **राजस्व चुहावट भएको पाइएमा सम्बन्धित ऐन/नियमको परिधि भित्र रही छलेको राजस्व, दण्ड र जरिवाना समेतको रकम असुल गर्ने व्यवस्था**
- **सा**मान्यतः भन्सार महशुल छलेकोमा भन्सार ऐन/नियम, मू.अ.कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्तःशुल्क छलेकोमा अन्तःशुल्क ऐन/नियम अनुसारको प्रकृया पुऱ्याई क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गरी महशुल तथा कर निर्धारण र असुल गरिन्छ । आयकर चुहावटको हकमा भने कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइन्छ । तत्कालै कारवाही टुङ्गो लगाई राजस्व असुलीमा समेत सघाउ पुग्ने प्रकृतिका केशहरुमा उक्त ऐनहरु अन्तर्गत प्रत्यायोजित अधिकारबाट कारवाही गरिन्छ ।
- कानूनी व्याख्यामा द्विविधा र अन्तरविरोध भएका Case मात्र राजस्व चुहावट नियन्त्रण ऐन अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको छ जसको पुनरावेदन पुनरावेदन अदालतमा लाग्दछ । भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन अन्तर्गतको अधिकार प्रत्योजन पश्चात राजस्व चुहावट नियन्त्रण ऐन न्यून केशहरुमा मात्र प्रयोग भएको छ ।
- विदेशी मुद्रा अपचलन भएका अधिकांश Case प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि आउने र अनुसन्धान पूरा भएपछि जिल्ला न्यायाधिवक्ताको स्वीकृति लिई जिल्ला अदालतमा मुद्दा दायरा गरिन्छ ।
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, अन्तर्गतका केशहरु नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई, प्रहरी तथा अन्य निकाय र आफ्नै सूचनाको आधारमा अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गरिन्छ ।

(घ) मुद्दा दायर तथा मुद्दाको फैसला

(ङ) फैसला कार्यान्वयन

# खण्ड तीन : आर्थिक वर्ष २०६६/६७ को प्रगति

## ३.१ विभागबाट सम्पन्न भएको अनुसन्धानको विवरण

### (क) मूल्य अभिवृद्धि कर तर्फ

यस आर्थिक वर्षमा विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा मौज्दात खाताले देखाएको भन्दा कम मौज्दात रहेको, विक्री विजक जारी नगरी करयोग्य वस्तु तथा सेवा विक्री गरेको, मूल्य अभिवृद्धि कर ऐन नियम उल्लंघन गरी कारोवार गरेका लगायत कसुरमा विभिन्न फर्महरुबाट रु. ४,२०,७६,३३८।- मूल्य अभिवृद्धि कर निर्धारण एवं असुलउपर गरिएको थियो । मूल्य अधिवृद्धि कर तर्फ भएको कारवाही एवं असुली सम्बन्धी विवरण अनुसूची - ५ मा दिईएको छ ।

### (ख) आयकर तर्फ :

चालु आर्थिक वर्षमा विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गरी रु. ९६,७५,५८४।- आयकर निर्धारण गरी असुलउपर गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुलाई लेखी पठाइएको थियो । सो सम्बन्धी विस्तृत विवरण अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### (ग) अन्तःशुल्क तर्फ :

यस आर्थिक वर्षमा विभिन्न करदाताहरुको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा अन्तःशुल्क ऐन तथा नियम बमोजिम कारवाही एवं अन्तःशुल्क निर्धारण बाट रु. ३,४८,३६,०९१।- असुलउपर गरिएको छ । अन्तःशुल्क सम्बन्धी विस्तृत विवरण अनुसूची - ७ मा दिईएको छ ।

### (घ) भन्सार तर्फ :

यस आर्थिक वर्षमा विभिन्न व्यक्ति/फर्म तथा आयातकर्ताहरुको चेकजांच, छानविन तथा निरीक्षण गर्दा भन्सार ऐन, २०६४ बमोजिम राजस्व छली भएको आधारमा कारवाही गरी राजस्व तथा जरीवाना समेत रु. ८,६९,०९,३१९।- असुल उपर गरिएको छ । सोको विवरण अनुसूची - ८ मा दिईएको छ ।

### (ङ) विदेशी विनिमयतर्फ :

यस आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा फर्महरु उपर विदेशी विनिमय अपचलन गरेको कसुरमा छानविन गरी आवश्यक अनुसन्धान प्रक्रिया पुरा गरी त्यस्ता फर्म तथा व्यक्तिहरु उपर विगो रु. ३,०६,५२,९४५।- को दावी सहित सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । सोको विवरण अनुसूची - ७ मा उल्लेख गरिएको छ ।

### (च) राजस्व चुहावटतर्फ :

चालु आर्थिक वर्ष २०६५।६६ मा विभिन्न व्यक्ति/फर्म तथा आयातकर्ताहरुको छानविन तथा निरीक्षण गर्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत ..... फर्मलाई जरीवाना गरिएको छ । विस्तृत विवरण अनुसूची १० मा प्रस्तुत गरिएको छ ।

### (छ) वक्यौता असुली तर्फः

यस आर्थिक वर्षमा नेपाल रिक्रियशन सेण्टर (क्यासिनोहरु) बाट रु. १६,१६,७२,९०४।- पुरानो वक्यौता असुल उपर गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा रकम दाखिला गर्न लगाइएको छ । विस्तृत विवर(ण अनुसूची ११ मा दिईएको छ ।

## ३.२ मुद्दा फस्यौट सम्बन्धी विवरण

आर्थिक वर्षम २०६५।६६ माा यस विभागमा गत वर्षबाट जिम्मेवारी सरी आएका, नयाँ दर्ता भएका, र फछ्र्यौट भएका मुद्दाहरुको विवरण तल दिईएको छ । विषयगत मुद्दाहरुको विवरण अनुसूची १२ मा दिईएको छ ।

**(क) भन्सार तर्फ :**

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | ३१ | १०२ | १३३ | ९७ | ३६ |
| २०६५/६६ | ३६ | १५९ | १९५ | १४६ | ४९ |
| वृद्धि प्रतिशत | १६.१ | ५५.८ | ४६.६ | ५०.५ | ३६.१ |

**(ख) विदेशी विनयम तर्फ :**

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | २५ | २६ | ५१ | २३ | २८ |
| २०६५/६६ | २७ | २० | ४७ | १७ | ३० |
| वृद्धि प्रतिशत | ८.० | -२३.० | ७.८ | २६.० | ७.१ |

**(ग) राजस्व चुहावट तर्फ :**

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | ३ | - | ३ | १ | २ |
| २०६५/६६ | २ | ३ | ५ | १ | ४ |
| वृद्धि प्रतिशत | -३३.३ | - | ६६.६ | - | १००.० |

**(घ) सम्पत्ति सुद्धिकरण निवारण तर्फ :**

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | - | - | - | - | - |
| २०६५/६६ | - | २ | २ | १ | १ |
| वृद्धि प्रतिशत | - | - | - | - | - |

## ३.३ चालु आर्थिक वर्षमा भए गरिएका मुख्य मुख्य सुधारका कार्यहरुः

सांगठनिक पुर्नसंरचनाको, जनशक्ति, भौतिक पूर्वाधारा, बजेट व्यवस्था, द्रुतगस्ती, लगायतका क्षेत्रमा भए गरेका सुधार प्रयासलाई संक्षेपमा तल उल्लेख गरिएको छः

### (क) संगठन सुधार

स्थापनाका शुरुका वर्षहरुमा विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ अनुसार कार्य गर्दै आएको हो । पछिल्ला वर्षहरुमा राजस्व असुलीमा समेत सहयोग पुऱ्याउने उद्देश्यले क्रमशः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ को अधिकार समेत यस विभागले प्रयोग गर्ने गरी प्रत्यायोजन भएको छ । गत अर्थिक वर्षदेखि सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गतको कार्यसमेत गर्ने गरी अधिकार प्रत्यायोजन हुनुको साथै गैह्रकर राजस्व समेतको चुहावट सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्ने गरी विभागको कार्यबोझ निकै वृद्धि हुन गएको छ । प्रस्तुत सवै कार्यहरुलाई समेट्दै अघि बढ्नका लागि विद्यमान सांगठनिक संरचना र कर्मचारी दरवन्दी पर्याप्त छैन । अतः संगठन संरचना र कर्मचारी दरवन्दीमा पुनरावलोकन गर्न उपयुक्त हुने देखि विभाग एवं कार्यालयहरुको विद्यमान सांगठनिक संरचना पुनरावलोकन गर्न O & M Survey सम्पन्न भइसकेको छ । संगठनको पुनर्संरचनाका लागि सिफारिस सहित आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । त्यसैगरी आ.व. २०६६/६७ को बजेट बक्तव्यबाट थानकोट, अत्तरिया र बर्दिवासमा ३ वटा कार्यालयहरु थप गर्ने प्रस्ताव भएको छ । संगठनात्मक संरचना र जनशक्तिको व्यवस्था बारेमा समेत चालु आ.व.को बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

### (ख) जनशक्तिको थप व्यवस्था :

विभागको कूल दरवन्दी ५७ रहेको र अन्तर्गतका इकाइ कार्यालयहरुको दरवन्दी ८५ समेत गरी विभाग अर्न्तगत जम्मा १४२ दरवन्दी रहेको छ । विभाग अन्तर्गत रहेका अस्थायी चेकपोष्ट (थानकोट र धुलिखेल ) समेतमा विभागबाटै कर्मचारीहरु खटिने भएकाले विभागको कार्यसंपादनमा आवश्यक मात्रामा कर्मचारीहरु नपुग भई कर्मचारीको अभाव रहेको छ । विभागको वर्तमान दरवन्दी बमोजिम कर्मचारीहरुले बढ्दो कार्यबोझ अनुरुप कार्यसम्पादन गर्न नसक्ने भएका कारणले आ.ब. २०६५/६६ मा विभिन्न मन्त्रालय, विभाग, कार्यालय र आयोगहरुबाट थप कर्मचारीहरु काजमा ल्याई कार्य गर्न सामान्य प्रशासन मन्त्रालयमार्फत आवश्यक कार्यप्रक्रिया पूरा गरी ४८ जना थप कर्मचारी माग गरिएकोमा अन्तरवार्ता समेतको आधारमा २७ जना अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु २०६६ बैशाखदेखि काजमा ल्याई कार्य गराइएको थियो । काजमा आएका कर्मचारीहरुलाई विभागमै तथा द्रुत गस्तीका कार्यमा खटाईएको थियो उनीहरुलाई यही श्रावण महिनाको १४ गते देखि काज फिर्ता गरिएको छ । काजमा आई काम गरेका कर्मचारीहरुको विवरण अनुसूची १३ मा दिईएको छ ।

**(ग) <u>भौतिक निर्माण सुधारः</u>**

आ.व. २०६५।६६ को विभाग र अर्न्तगतको बजेट तथा कार्यक्रमलाई संक्षेपमा तल दिईएको छ ।

(१) **विभाग तर्फ :**

आ.व. २०६५।६६ मा चालु खर्चतर्फ रु. २,२३,७७,०००।- बजेट व्यवस्था भएकोमा रु. २,०९,६७,०००।- खर्च भएको र पूँजीगततर्फ रु. ७६,५०,०००।- वार्षिक बजेटमा ५२,६७,०००।- खर्च भएको छ । पुँजीगततर्फ भएका प्रमुख कार्यको विवरण निम्नानुसार रहेको छ :

- गस्ती क्वाटरमा तल्ला थप कार्य - रु. १५,१७,०००।-
- विभागको कम्पाउण्डमा यार्ड निर्माण - रु. ५,२५,०००।-
- विभागको कम्पाउण्डमा गार्डेनिङ्ग तथा ड्रेनेज एवं गेट/पर्खाल निर्माण - रु. ११,१३,०००।-
- कम्प्यूटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिण्टर तथा प्रोजेक्टर खरिद - रु. ७,५०,०००।-

विभाग र राजस्व प्रशासन तालीम केन्द्रको कम्पाउण्ड छुट्याई शसस्त्र प्रहरी सहितको सेण्ट्री सहितको सुरक्षा व्यवस्था अपनाइएको छ ।

(२) **इकाई कार्यालय तर्फ**

- कोहलपुर (भवन निर्माण) रु. ३१,००,०००।-
- बुटवल, वर्दघाट (भवन निर्माण) रु. १६,००,०००।-
- इटहरी (भौतिक पूर्वाधार सुधार) रु. ७,००,०००।-

**(ग) <u>सशस्त्र प्रहरी परिचालन</u>**

राजस्व अनुसन्धान विभाग र अन्तर्गतका इकाई कार्यालयहरूमा चौबिसै घण्टा तयारी (Standby) रहने गरी २५० जना सशस्त्र प्रहरीको व्यवस्था गरिने, यसरी खटिने सशस्त्र प्रहरीहरू राजस्व अनुसन्धान विभागका महानिर्देशकको मातहतमा रहने र राजस्व अनुसन्धान विभागमा खटिँदासम्म तिनीहरूको कार्यसम्पादनको मूल्याङ्कन पनि निजबाटै हुने व्यवस्था मिलाइने भनी बजेट बक्तव्यमा व्यवस्था भएअनुसार विभाग एवं कार्यालयहरुको कार्यसम्पादनलाई मद्दत पुऱ्याउन २५० जना सशस्त्र प्रहरीको व्यवस्था गर्नेतर्फ आवश्यक कदम चालिएकोमा र हाल प्रहरी नायव उपरिक्षकको नेतृत्वमा ४७ जना सशस्त्र प्रहरीको टोली ०६५ चैत्र देखि विभागमा नै राखी परिचालन गरिएको छ । शसस्त्र प्रहरीको मद्दतबाट विभागले बजार अनुगमन, आकस्मिक गस्ती तथा कारोवारको निरीक्षण गर्ने कार्यको साथै थानकोट र धुलिखेलमा अवस्थित चेकपोष्टहरुमा ढुवानीका साधनहरु आवश्यक चेकजांच गर्ने कार्यलाई तिव्रता दिइएको छ । त्यसैगरी

काठमाडौं चक्रपथ तथा उपत्यकाका भित्री बजारमा नियमित गस्ती पनि हुने गरेको छ । शसस्त्र प्रहरीको सहयोगमा राजमार्गहरुमा अन्तर्गत वा इकाई कार्यालयहरुमार्फत नियमित गस्ती गर्ने कार्य भइरहेको छ ।

## (घ) द्रुत गस्ती (Flying Squad) परिचालन

व्यापार व्यवसाय सहजीकरण गर्न एवं मालवस्तुको आन्तरिक ओसार-पसार सहज बनाउन राजस्व अनुसन्धानका ढाटहरूलाई हटाई सोको सट्टामा द्रुत गस्ती (Flying Squad) र आकस्मिक गस्ती परिचालन गर्ने सरकारको नीति  रहे अनुरुप मिति २०६६।०३।१५ देखि २०६६।०३।३१ सम्म २२ पटक घुम्ती द्रुत गस्ती टोली (Flying Squad) परिचालन गरिएको थियो । विभिन्न ४ वटा क्षेत्रमा उक्त अवधिमा खटिएको विशेष टोलीले गरेको कार्य सम्पादनबाट जिल्ला स्थित भन्सार कार्यालयहरुको दैनिक राजस्व असुलीमा समेत सकारात्मक प्रभाव पार्नुको अतिरिक्त हालसम्ममा मू. अ. कर तर्फ रु. .......... ।- असुल गरेको र भन्सार तर्फ रु. ......... पाईएको छ । मूल्य बरावरको सामान कब्जामा लिई सम्बन्धित इकाई कार्यालयहरुमा दालिखा भएको छ ।

## (ङ) राजस्व अनुसन्धानका ढाट हटाइसकेपछिको व्यवस्थाः

आ.व. २०६५।६६ को बजेट वक्तव्यमा परे अनुसार राजमार्गमा अनुसन्धानका ढाँट हटेपछि देहायको अवस्था रहेको छः

- राजस्व चुहावट सम्बन्धी सूचना प्राप्त गरी कारवाही गर्न २४ सै घण्टा खुल्ला रहने गरी विभागमा नियन्त्रण कक्ष ९ऋयलतचयर्ा च्यय्क०  स्थापना गरिएको छ ।
- सूचना प्राप्त गर्न फोन नं. ५०१००८५ र पैसा नलाग्ने फोन नं. १६६०-०१-५५००० र ^ याक्स नं. ५५४२०२३ तथा इमेल ष्लाय२मचषनयखालउ को व्यवस्था गरिएको । राजस्व चुहावट सम्बन्धी जानकारी पाउने जो कोहीले सूचना गर्न सक्ने गरी विभागले सार्वजनिक रुपमा आह्वान गरेको छ । त्यस्तो सूचनाको गोप्यता कायम गरिने व्यवस्था समेत मिलाइएको छ ।
- वस्तु तथा सेवाको कारोवार गर्ने विक्रेताले आफ्नो कारोवारको अनिवार्यरुपले कर विल/विजक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले अनिवार्यरुपमा विजक जारी गर्नुपर्ने व्यवस्था गरिएको छ । यसको कार्यान्वयनको लागि विभागबाट कारोवारस्थलमा छापामार्ने, आकस्मिक गस्ती तथा द्रुत गस्तीको परिचालनद्धारा कडाइका साथ अनुगमन गरिने व्यवस्था मिलाइएको छ ।
- व्यापारिक प्रयोजनका मालसामानहरु ढुवानी गर्दा त्यस्ता ढुवानीकर्ताहरुले आफुले ढुवानी गरेको मालसामानको ढुवानी घोषणापत्र र भन्सार प्रज्ञापनपत्र/मू.अ.कर विल/विजक/चलान (स्टक ट्रान्सफर) आदि कागजात साथैमा लिई हिड्नुपर्ने व्यवस्था गरिएको छ ।

- मालवाहक ढुवानीको साधनहरुले यात्रुहरु ओोसरपसार गर्न र यात्रुवाहक सवारी साधनहरुले व्यापारिक प्रयोजनका मालसामान ढुवानी गर्न नहुने एवं निजी नम्बर प्लेटका गाडीहरुले आफ्नो बाहेक व्यापारिक प्रयोजनका मालसामानहरु ढुवानी गर्न नपाइने व्यवस्था मिलाईएको छ ।
- आन्तरिक ओसारपसारको लागि आन्तरिक राजस्व विभागले जारी गरेको निर्देशिका बमोजिमका प्रमाणित कागजात ढुवानी साधनका साथै लिई हिड्नु पर्नेछ ।
- माथि उल्लेखित व्यवस्थाको उल्लंघन गरेको पाइएमा विभागबाट खटिएको द्रुत गस्ती/आकस्मिक गस्तीले सामान कब्जामा लिई जफत गर्ने र प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गर्ने व्यवस्था मिलाईएको छ ।

**(च) <u>केन्द्रिय सूचना पद्दतिको विकास</u>**

विभागमा केन्द्रीय सूचना पद्दतिको स्थापना गरी यसलाई Online Networking को माध्यमबाट कार्यालयहरुसँग जोड्ने र संकलित विल/विजकहरुको कम्प्यूटर इण्ट्रीको व्यवस्था गरी कम्प्यूटरकृत सूचना पद्दतीको विकास गर्न एशियाली विकास बैंकको प्राविधिक सहयोगमा सफ्टवेयर निर्माण गर्ने र आवश्यक इक्वीपमेण्ट खरिद गर्ने कार्यको लागि संझौता भइसकेको छ । आ.व. २०६६।६७ को प्रथम चौमासिक भित्र यो प्रकृया पूरा गरी कार्यान्वयनमा आउने कममा छ ।

**(छ) <u>प्रवर्द्धनात्मक कार्यक्रम :</u>**

राजस्व परिचालन र चुहावट नियन्त्रण कार्यलाई प्रचार प्रसारको माध्यमबाट उद्योगी, व्यापारी र सर्वसाधारण समक्ष पुर्याउन र कानूनको परिपालना गराउन गर्ने/गराउने आवश्यक जागरण बढाउन निम्नानुसारको कार्यक्रम संचालन गरिएको थियो ।

- पांचै विकास क्षेत्रमा पर्ने गरी देशका प्रमुख व्यापारिक केन्द्रहरु (काठमाडौं, विराटनगर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढी) मा सचेतनामूलक/प्रर्वधनात्मक गोष्ठी संचालन गरिएको छ ।
- राजस्व चुहावट नियन्त्रणलाई सूचनाको माध्यमबाट नियन्त्रण गर्न ४ वटा Video Clip निर्माण गरिएको छ ।
- गत आर्थिक वर्षमा .... वटा पत्रपत्रिकामा प्रचारप्रसार सामाग्री सहितको सूचना प्रकाशित भएको छ । सूचनामूलक सामाग्री तयार गरी नियमित रुपमा प्रकाशन र प्रशारण गर्ने कार्य गरिएको छ । साथै विद्युतीय सञ्चार माध्यमहरुमार्फत जानकारीमुलक समाचार सम्प्रेषण गरिएको छ । यस बीचमा रेडियो नेपालको आर्थिक समाचार मार्फत सार्वजनिक समाचार प्रसारण भएको छ ।
- भन्सार स्मारिका (..) मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी लेख प्रकाशन गरिएको छ ।

**(झ) <u>मालसामान ओसारपसारमा नियमन</u>**

व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसारबाट हुने गरेको चुहावट तथा चोरी व्यापारलाई नियमन गर्न आन्तरिक राजस्व विभागसंग समन्वय र छलफल पश्चात आन्तरिक राजस्व विभागबाट "व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसार सम्बन्धी कार्यविधि नियमन निर्देशिका २०६५" स्वीकृति गराई कार्यान्वयनमा ल्याउने क्रममा छ। यसले आन्तरिक ओसारपसार कार्यलाई नियमन गर्न थप मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसको पूर्ण पालना र कार्यान्वयनतर्फ चालु आर्थिक वर्षमा थप प्रयास हुनुपर्ने देखिन्छ।

## ३.४ कार्यगत लक्ष्य प्रगति विवरण:

आर्थिक वर्ष २०६५/६६ को कार्यगत लक्ष्य र सोको प्रगति विवरण तपसिलमा उल्लेख छ। (अनुसूची ८)

## ३.५ राजस्व संकलनको तर्फको विवरण

यस आर्थिक वर्षमा विभाग तथा कार्यालयहरु समेतबाट कुल राजस्व रु........................................ असुल भएको छ। राजस्व असुलीमा सबैभन्दा बढी ..................... बाट रु. .................... ।- र सबैभन्दा कम .............................. बाट रु. ........................ प्राप्त भएको थियो। क्षेत्रगत तथा इकाई कार्यालय अनुसरा राजस्व असुलीको विवरण अनुसूची - ५ मा समावेश गरिएको छ। त्यसैगरी इकाई कार्यालग गत रुपमा भए गरोका कार्यहरुको विवरण अनुसूची-१६ मा दिइएको छ।

**३.६ पि.सि.ए. को लागि पठाएको विवरण अनुसूची १७ मा दिईएको छ।**

**३.७. तालीम, गोष्ठी र प्रशिक्षणमा सहभागीता अनुसूची १८ मा दिईएको छ।**

**३.८. निरीक्षण भ्रमण**

## इकाई कार्यालयहरुको प्रगति स्थिति विवरण

(कं राजस्व अनुसन्धान पूर्वाञ्चल इकाई कार्यालय, इटहरी

### १. राजस्व असुली

(रु. हजारमा)

| क्र.सं. | राजस्व शिर्षक | २०६५/६६ को असुली |
|---|---|---|
| १ | मू.अ.कर | ६६६२१५३.०० |
| २ | आयकर | १८२५३२२.०० |
| ३ | भन्सार | २१२६४७६.०० |
| ४ | अन्तःशुल्क | ७१५०.०० |
| ५ | अन्य राजस्व | ४९५१६.०० |
| जम्मा : | | १०६७०६१७.०० |

### २. आर्थिक वर्ष २०६५/६६ मा राजस्व असुल गरिएका मुख्य फर्महरु

| क्र.स. | फर्मको नाम | असुली रकम | कैफियत |
|---|---|---|---|
| १ | बाबा पेपर मिल्स, सुनसरी | १००००००.०० | |
| २ | बहाबीर अटो मोवाइल्स, विराटनगर | १४०००००.०० | |
| ३ | प्रियंका प्याकेजिङ्ग ई. टंकिसिनवारी | ६३००००.०० | |
| ४ | शिव स्टोर्स, भद्रपुर | ८५०००.०० | |
| ५ | राज टि स्टेट प्रा.लि., झापा | ३३०००.०० | |
| ६ | नितिन टि स्टेट प्रा.लि., झापा | १५०००००.०० | |
| | जम्मा : | ४६४८०००.०० | |

### ३. भौतिक प्रगति विवरण

| क्र.स. | फर्मको नाम | असुली रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालयको हाता भित्र गोदाम रहेको स्थलसम्म मालवाहक गाडी आवतजावत गर्न सक्ने गरी ग्राभेल गर्ने कार्य र बाहिरी भागमा शौचालय निर्माण गर्ने कार्य सम्पन्न । | ७०००००.०० | |
| | जम्मा : | ७०००००.०० | |

### ४ मुद्दा फछ्र्यौट (भन्सार)

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | ३१ | १०२ | १३३ | ९७ | ३६ |
| २०६५/६६ | ३६ | १५९ | १९५ | १४६ | ४९ |
| वृद्धि प्रतिशत | १६.१ | ५५.८ | ४६.६ | ५०.५ | ३६.१ |

## (ख) राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैया

### १. राजस्व असुली

(रु. हजारमा)

| क्र.सं. | राजस्व शिर्षक | २०६४/६५ को असुली | २०६५/६६ को लक्ष्य | २०६५/६६ को असुली | २०६४/६५ को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|
| १ | मू.अ.कर | १७९५ | ८०००० | ३२६१ | १८२.० |
| २ | आयकर | ६०४ | ३०००० | ४२८४ | ७०९.० |
| ३ | भन्सार | १६९५२ | १५००० | २७७९८ | १६४.० |
| ४ | अन्तःशुल्क | १५ | २००० | २३९ | १५९३.० |
| ५ | अन्य राजस्व | ७६० | ३००० | ९५९ | १२६.० |

### २. मुद्दा विवरण (दर्ता तथा फछ्र्यौट)

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाांकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | २० | ९२ | ११२ | ८५ | २७ |
| २०६५/६६ | २७ | १६५ | १९२ | १७० | २२ |
| वृद्धि प्रतिशत | | १७९ | १७२ | २०० | |

### ३. आर्थिक वर्ष २०६५/६६ मा जफत गरिएका मुख्य मुख्य वस्तुहरु

| क्र.स. | सामानको विवरण | परिमाण | इकाई | मूल्य (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | गाडी | ५ | वटा | ८५०० |
| २ | मोटरसाइकल | ९ | वटा | २५० |
| ३ | चिनी | ३८४३५ | किलो | १२३० |
| ४ | मल | ५८५५ | बोरा | ३७१७ |
| ५ | इलेक्ट्रोनिक्स सामान | | | ५१८ |
| ६ | स्टिल भाडा | ३६६८ | किलो | ४९५ |
| ७ | कुर्ता सलवार | ७६६८ | पिस | १८४६ |
| ८ | विभिन्न किसिमका कपडा | ५४८८८ | मिटर | १६४७ |
| ९ | रेडिमेट कपडा | २४४४९ | मिटर | ७६३ |
| १० | साडी | ४८६० | पिस | ७२९ |
| ११ | अन्य खुद्रा सामान | | | २५७८ |
| | | | | २२२७३ |

### ४. कार्यगत लक्ष्यको प्रगति विवरण

| क्र.स. | विवरण | वार्षिक लक्ष्य | आ.व. २०६५/६६ को प्रगति | गत आ.व. को तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | ढुवानीका साधनको चेकजाँच | ३५६ | ३८९ | १०७.० |
| | (क) आन्तरिक उत्पादनतर्फ | १४२ | १५१ | १०६.० |
| | (ख) पैठारी भएका मालवस्तुतर्फ | १८९ | २०९ | १०६.० |
| | (ग) निकासी भएका मालवस्तुतर्फ | २५ | २९ | ११६.० |
| २. | गोदाम तथा कारोवारस्थल जाँच | २५ | १६ | ६४.० |
| | (क) वस्तु | २० | १४ | ७०.० |
| | (ख) सेवा | ५ | २ | ४०.० |

### ५. समस्या

(क) सवारी चेकजाँच गर्न यार्ड तथा सेडको अभाव

(ख) प्रविधिको अभाव

(ग) जनशक्तिको अभाव (दक्षता वृद्धि सम्बन्धी प्रयास कम)

### ६. समाधानका लागि सुझाव

(क) पथलैया चोक नजिकको सडक इकाई कार्यालयसँग म.इ.का. पथलैया कार्यालयको जग्गा सट्टापट्टामा उठिरहेको कारवाही छिटो किनारा लाग्नुपर्ने ।

(ख) चेक प्वाइण्टमा २४ सैं घण्टा विद्युत आपूर्ति गराउने, प्रज्ञापनपत्र तथा विलविजक कम्प्यूटरीकृत तथ्याङ्क प्रविष्टी प्रविधि अपनाउने । सोको लागि जेनेरेटर, कम्प्यूटर र दक्ष प्राविधिक कर्मचारीको व्यवस्था गर्ने ।

(ग) वर्दिवास-बनेपा, ठोरी-नारायणगढ-मुग्लीन, भैसे-सिस्नेरी, भैसे-फर्पिङ्ग, हेटौडा-नौविसे सडकखण्डहरुमा समयसमयमा द्रुतगस्तीबाट सवारी/ढुवानी साधनहरु चेकजाँच गर्ने व्यवस्था गर्नुपर्ने ।

(घ) थप जनशक्तिको व्यवस्था, विद्यमान जनशक्तिको क्षमता अभिवृद्धिका कार्यक्रम (तालीम, गोष्ठी) सञ्चालन गर्ने ।

## (ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल

### १. राजस्व असुली

| सि.नं. | शिर्षक | आ.ब.०६४।६५ | आ.ब.०६५।६६ |
|---|---|---|---|
| १ | भंसार तर्फ | २९,२३,२७२। | ५७,९७,२५१। |
| २ | मु.अ.कर तर्फ | २,८१,९४५। | ३,४९,१३२। |
| ३ | अन्तःशुल्क तर्फ | ०० | ८,०४,३६८। |
| ४ | आयकर तर्फ | ०० | ५०,०००। |
| ५ | अन्य(विविध) | १४,१७५। | ४३,६३,०१३। |
| | कुल जम्मा: | ३२,१९,३९२।१० | १,१३,६३,७६४। |

## २. आ.ब.२०६५/६६ मा बरामद भै जफत भएका मुख्य मुख्य वस्तुहरु :

| | | | |
|---|---|---|---|
| १ | चिनी | २७७१० किलो | ९,६८,०२०। |
| २ | जिरा धनिया | २४९० किलो | २,८९,१००। |
| ३ | आलु | २६०५ किलो | २,०९,९१८ |
| ४ | सुती कपडा | ११८७६ मिटर | २,६४,३३५। |
| ५ | अन्यरेशा कपडा कुर्थासलवार बनाउने समेत | ५६८३ मिटर | २,०४,५२०। |
| ६ | अन्य रेशा सारी | १००६ पिस | १,९२,२५४। |
| ७ | खैनी सूर्ति | १५३०पाकेट। । १४० किलो | १,२४,४००। |
| ८ | सुती तन्ना | १५९३ गोटा | १,०३,५४४। |
| ९ | सर्टिंग कपडा | १२८२ मिटर | ९८,३५८। |
| १० | इनामेल पेण्ट्स | ९९८ लिटर | ९७४८३ |
| ११ | अन्य खुद्रा सामान | ००००० | ३२,४५,३१९। |
| | कुल जम्मा रु. | | ५७,९७,२५१। |

## ३. आ.ब.२०६५।६६ को बार्षिक कार्यगत लक्ष तथा प्रगती

| सि.नं. | कामको विवरण | बार्षिक लक्ष | प्रगती |
|---|---|---|---|
| १ | ढुवानीका साधनको आकस्मीक चेकजांचगर्ने | २०८ | २२७ |
| | (क) आन्तरिक उत्पादन तर्फ | ८० | ८९ |
| | (ख)पैठारी भएका ाबस्तु तर्फ | १२८ | १३८ |
| २ | कार्यालयमा प्राप्त हुन आएका विल बिजक मध्ये शंकास्पद बिल बिजकहरुको नमुनाको रुपमा केश खडागरी सम्बन्धीत बिक्रेताको अभिलेख संग भिडान गर्ने | ३५ | ३५ |
| ३ | विभिन्न व्यावसायीक क्षेत्रसंग सम्बन्धीत कारोबारको अनुसन्धान गर्ने(छापामार्ने) | ८ | ८ |
| ४ | विभाग र कार्यालयहरुको आन्तरिक अनुगम गर्ने | १ | १ |

## ४. आ.ब.२०६५।०६६ को मुद्दाको विवरण

| सि.नं. | आा.ब.०६४।६५बाट जिम्मेवारी सरेको मुद्दा संख्या | आ.ब.०६५।६६ मा दर्ता मुद्दा संख्या | फछ्र्यौट भएको मुद्दा संख्या | फछ्र्यौट हुन वांकी मुद्दा संख्या | |
|---|---|---|---|---|---|
| १ | १० | ४७ | ४४ | १३ | |

## ५. आ.ब.२०६५।०६६ को बेरुजु विवरण

| सि.नं. | | | |
|---|---|---|---|
| १ | गत आ.ब. सम्मको बेरुजु रकम | रु. ४,४९,८६०। | |
| २ | यस आ.व. मा थप भएको बेरुजु रकम | ०० | |
| ३ | यस आ.व. मा फर्छौट भएको बेरुजु रकम | रु. ३,९३,८६०। | |
| ४ | फर्छौट हुन बांकि बेरुजु रकम | रु. ५६,०००। | |

## (घ) राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर

### १. राजस्व असुली

(रु. हजारमा)

| क्र.सं. | राजस्व शिर्षक | २०६४/६५ को असुली | २०६५/६६ को असुली |
|---|---|---|---|
| १ | मू.अ.कर | ६०४१४.०० | ६५८७२५.०० |
| २ | आयकर | १०२९०० | ७३५७४.०० |
| ३ | भन्सार | १२८१४५०.०० | ३४३८९००.०० |
| ४ | अन्तःशुल्क | | ० |
| ५ | अन्य राजस्व | | ० |
| | जम्मा : | १४४४७६४.०० | ४१७११९९.०० |

### २. भन्सार मुद्दा विवरण (दर्ता तथा फछ्र्यौट)

| आर्थिक वर्ष | गत वर्षबाट जिम्मेवारी सरी आएको | आ.व. को दर्ता संख्या | कुल मुद्दा | फछ्र्यौट भएको मुद्दा | फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|
| २०६४/६५ | | | | | |
| २०६५/६६ | ३ | ५६ | ५९ | ४८ | ११ |
| वृद्धि प्रतिशत | | | | | |

### ३. आर्थिक वर्ष २०६५/६६ मा जफत गरिएका मुख्य मुख्य वस्तुहरु

| क्र.स. | सामानको विवरण | परिमाण | इकाई | मूल्य (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | मोटर पार्टस् | ११८६ | थान | ५४६५०.०० |
| २ | लेडिज सुट | २७८ | थान | ९५३००.०० |
| ३ | कपडा | ३९३६ | मिटर | १२८१४०.०० |
| ४ | साडी | ३९१ | थान | ४५६००.०० |
| ५ | सूर्ति एवम् गुट्खा | ४८२१ | पाकेट | ३७८९५०.०० |
| ६ | मोवाइल एवम् क्यामेरा | ६२० | सेट | १६९४२००.०० |
| ७ | चिनी | ९८.५ | क्वीण्टल | २४२२००.०० |
| ८ | कस्मेटिक | ३४१९ | पिस | ३७३००.०० |
| ९ | खाने तेल | ८२६ | लिटर | ५८५१५.०० |
| १० | विस्कुट | ३७ | कार्टुन | २९०००.०० |
| ११ | सिमेण्ट | ५९ | व्याग | २७९००.०० |
| १२ | होजियारी | १५६ | व्याग | ११०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १३ | लुब्रिकेण्टस् | २० | कार्टुन | ५४२००.०० |
| १४ | जुत्ता, चप्पल | ५३० | जोर | २८०००.०० |
| १५ | ग्लूकोज | २२० | के.जी. | २२३००.०० |
| १६ | स्प्रेटेकी | ६७ | थान | ५३९००.०० |
| १७ | रासायनिक मल | ४०० | बोरा | ३०५०००.०० |
| १८ | सिसा, तार एवं विविध सामान | | | १७२७४५.०० |
| | | | | ३४३८९००.०० |

४. **वार्षिक कार्य प्रगतिको विवरण :**

१. वित्तीय लक्ष्य प्राप्त गर्न कार्यालय सफल नदेखिए तापनि यस क्षेत्रका भन्सार तथा अन्तरिक राजस्व कार्यालयहरुको राजस्व असुलमा देखिएको उत्साहजनक प्रगतिले निरास बन्नुपर्ने अवस्था भने नरहेको देखिन्छ ।

२. यस क्षेत्रका अधिकांश भन्सार कार्यालयहरुको प्रगति तोकिएको लक्ष्य भन्दा उच्च नै रहेको पाइयो । खासगरी, यस क्षेत्रमा सञ्चालित विभिन्न परियोजनाहरुको कारण यस क्षेत्रको राजस्व संकलनमा सहयोग पुगेको देखिन्छ ।

३. आन्तरिक राजस्व कार्यालयहरुको तोकिएको कार्य प्रगति पूरा भएको नै देखिन्छ ।

**५. समस्याहरु :**

१. जिल्लामा शान्ति सुरक्षाको स्थिति ज्यादै नाजुक रहेको छ । दैनिकजसो बन्द, हडताल भइरहेको छ । स्थानीय प्रशासनको ध्यान केवल शान्ति सुरक्षा कायम गर्नु मात्र रहेको छ । राजस्व चुहावटलाई नियन्त्रण गर्न प्रशासनले पर्याप्त समय दिन सकेको अवस्था छैन ।

२. कार्यालयमा भौतिक स्रोत तथा साधनको अभाव छ । दक्ष तथा तालिम प्राप्त जनशक्तिको पनि अभवा छ । कार्य क्षेत्रका आधारमा कर्मचारीको दरवन्दी पनि न्यून रहेको देखिन्छ र भएको दरवन्दीमा समेत पदपूर्ति वा पदस्थापन हुन सकेको छैन ।

३. वास्तविक भन्सार मूल्याङ्कन हुन सकेको छैन ।

४. मू.अ.करको कार्यान्वयन पक्ष फितलो देखिएको छ ।

५. अन्तःशुल्क चुहावट पत्ता लगाउन प्राविधिक जनशक्तिको अभाव छ ।

६. जिल्लामा सूचना आदानप्रदान गर्न समन्वय गर्ने संयन्त्रको अभाव देखिन्छ ।

७. कार्य क्षेत्र ठूलो, चौविसै घण्टा खट्नु पर्ने र कर्मचारुकिो संख्या समेत न्यून भएको अवस्थामा थप प्रोत्साहन भत्ताको समेत व्यवस्था नभएको ।

**६. समस्या समाधानका उपाय र विकल्पहरु**

१. थप दरवन्दी सहित कार्यालयमा दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने ।

२. भन्सार मूल्याङ्कनलाई व्यवस्थित बनाउनुपर्ने, न्यून विजकीकरण भएका मालवस्तु खरिद गर्ने छिटो छरितो कार्य प्रकृया र आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने ।

३. सुरक्षा, यातायात र बजार विकासलाई समेत आधार मानी छोटी भन्सार कार्यालयको पुनर्संरचना तुरुन्त गर्नुपर्ने ।

४. हाललाई सानो संख्यामा बढीमा १० जनासम्मको राजस्व प्रहरीको व्यवस्था हुनु राम्रो देखिन्छ । थप सुरक्षाको लागि नजिकको सशस्त्र प्रहरी बलसँग समन्वय गर्नु उपयुक्त देखिन्छ ।

५. कार्य क्षेत्र ज्यादै ठूलो, कर्मचारीको संख्या थोरै र चौविसै घण्टा खट्नु पर्ने स्थिति भएकोले थप प्रोत्साहन भत्ताको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६. विभिन्न व्यापारिक केन्द्र तथा राजमार्गहरुमा चेतनामूलक, कानूनी प्रक्रियाको सामान्य जानकारी, ढुवानीका साधन तथा मालधनीले आन्तरिक ओसारपसार गर्दा साथमा राख्नुपर्ने कागजातहरु, पुरस्कारको व्यवस्था र गैरकानूनी कार्य गरेमा हुन सक्ने जरिवाना तथा सजायका बारेमा विभिन्न होर्डिङ बोर्ड ठाउँठाउँमा राख्नुपर्ने । यसका लागि एकरुपता ल्याउन विभागले उक्त सूचनालाई अन्तिम रुप दिनुपर्ने ।

७. सहयोग, मसन्वय र चेतना विस्तारका लागि विभिन्न व्यापारिक केन्द्रहरुमा अन्तर्किया तथा छलफल कार्यक्रम सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

८. ऐन कानून तथा कार्य प्रकियालाई सरलीकरण गर्न राजस्वका क्षेत्रगत विषयहरु -भन्सार, आयकर, मू.अ.कर, अन्तःशुल्क, गैरकर तथा विदेशी मुद्रा आदि) लाई समेटी निर्देशिका, ब्रोसर्स छपाई गरी वितरण गर्नु उचित देखिन्छ ।

९. भन्सार, आन्तरिक राजस्व कार्यालय र राजस्व अनुसन्धानका बीचमा सूचना आदानप्रदान गर्न, समन्वय गर्न Computer Networking को व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१०. राजस्व सम्बन्धी विभिन्न विषयमा तालिम, सेमिनार, गोष्ठी आदिलाई आवश्यकता र औतित्यका आधारमा निरन्तर सञ्चालन गर्नुपर्ने देखिन्छ ।

११. मू.अ.करमा देखिएका समस्याहरुलाई निराकरण गर्न जस्तैः बील लिने दिने प्रथालाई लागू गर्न, न्यून विजकीकरणलाई नियन्त्रण गर्न र थ्रेस होल्ड भन्दा माथिको करयोग्य कारोवार दर्ता नभएका करदाताहरुलाई दर्ता गराउन आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी कार्य योजना बनाई कार्यान्वयन गर्नु उचित हुन्छ ।

# खण्ड चार : राजस्व चुहावट नियन्त्रणको रणनीतिक पक्ष

## ४.१. राजस्व चुहावटका प्रवृति/प्रकृतिहरु :

राजस्व चुहावट एक विकराल समस्याको रुपमा देखा पर्दै गएको छ । राजस्व परिचालन तथा चुहावटको प्रकृति एवं प्रवृत्ति मूलतः देहाय बमोजिम रहेको पाइएको छ :

- अन्तःशुल्क, भन्सार, आयकर, मूल्य अभिबृद्धि कर, मालपोत र अन्य गैर कर क्षेत्रमा राजस्व चुहावट बढी हुने गरेको छ ।
- कर तिर्ने दायित्वबाट पन्छिन सम्पत्तिको श्रोत नखुलाउने/लुकाउने प्रवृत्ति व्याप्त छ ।
- व्यापारिक र व्यवसायिक कारोवारको आय लुकाउने प्रवृत्ति निकै बढी छ ।
- व्यापारी, व्यवसायी र कर प्रशासनसँग सम्बद्ध कर्मचारी बीच आपसी मिलोमतोवाट कर दायित्व घटाउने गरिन्छ ।
- भन्सार विन्दू वा तोकिएका निर्दिष्ट स्थान वाहेक अन्यत्रवाट चोरी निकासी पैठारी गर्ने गराउने कार्यले राजस्व चुहावट बढेको छ ।
- आयातित वस्तु वा विक्रीका मालवस्तुमा न्यून विजकीकरण गरेर राजस्व छल्ने गरिन्छ ।
- आयातित वस्तुको न्यून घोषणा तथा न्यून मूल्यांकन गर्ने गरेर राजस्व चुहावट हुन्छ ।
- वील विजक जारी नै नगरी वा नक्कली वील विजक जारी गरी विक्री वितरण गर्ने गरेर कर राजस्व घट्न गएको छ ।
- कानूनी प्रावधानहरुको पालना कम हुने र वजार अनुगमन कमजोर भएर राजस्व चुहावट बढ्दो छ ।
- कर तिर्नपर्न नागरिकको दायित्व बोध गर्न गराउन नसक्दा राजस्व संकलन हुन सकेको छैन । त्यसैगरी तिरेको करको उपयोग सम्बन्धमा पारदर्शिता र सेवासँगको गैर आवद्धताले गर्दा कर तिर्ने कार्यमा उत्साह छैन ।

## ४.२ राजस्व चुहावटका मूलभुत कारणहरु

राजस्व चुहावट धेरै कारणले हुने गर्दछ । चुहावट नियन्त्रणका सरकारी नीति तथा कार्यक्रममा एकरुपता छैन । त्यसैगरी त्यस्ता नीतिको निरन्तरताको कमी र तीनको कार्यान्वयनमा राजनीतिक प्रतिवद्धताको कमी पनि छ । समग्रमा राजस्व चुहावटका प्रमुख कारणलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

**सामाजिक कारण**

- नैतिक आचरणको पालना र सम्मान गर्ने सामाजिक परिवेशको कमी छ ।
- सबै वर्ग र क्षेत्रका व्यक्तिले सम्पत्ति आर्जन गर्दा अनिवार्य रुपमा श्रोत खुलाउनु पर्ने कानूनी व्यवस्था छैन ।

- उपभोक्ता तथा सर्वसाधारण बीचमा कर सम्वन्धी सचेतना र जागरुकताको कमी छ । फलतः सामान खरिद पश्चात् विलविजक लिनुपर्ने र कर तिरेको विवरण विलविजकमा छ छैन हेर्ने गरिंदैन ।

- आम करदाताको सकेसम्म राजस्व नतिर्न वा कम तीर्न पाए हुन्थ्यो भन्ने धारणा छ ।

**प्रशासनिक कारण**

- घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति कमजोर छ । सोको अनुगमन समेत कमजोर छ ।

- राजस्व पदाधिकारीमा बढी स्वविवेकीय अधिकार छ र कर प्रशासन अपेक्षाकृत करदाता मैत्री नभएको गुनासा छन् ।

- समग्र चुहावट नियन्त्रण तथा अनुगमन संयन्त्रको अपर्याप्तता छ र राजस्व प्रशासन एवं व्यववस्थापन गर्ने निकाय बीचमा नै अन्तर निकाय कार्यगत समन्वय संयन्त्र कमजोर छ ।

- गलत कार्य र प्रवृत्तिलाई नियन्त्रण गर्ने र दण्डित गर्ने प्रकिया एवं पद्दतिमा शिथिलता आएको छ ।

- अदृश्य, अपारदर्शी एवं अनियन्त्रित आर्थिक कारोवार बढ्दो छ । भूमिगत अर्थतन्त्र मौलाउँदै गएको पाइन्छ ।

- अनुसन्धानात्मक पक्ष कमजोर छ र गैरकानूनी कारोवारको सूचनाको कमी छ ।

- राजस्व संगठन भित्र आन्तरिक नियन्त्रण प्रणाली फितलो छ र कमजोर वजार अनुगमनको विद्यमानता छ ।

- अनियन्त्रित खुला सिमानाले थुप्रै प्रशासनिक जटिलता सृजना गरेको छ । त्यसैगरी पैठारीकर्ताले अवास्तविक मूल्यांकन र गलत घोषणा गर्ने तथा सो लाई भन्सार कार्यालयहरुले स्वीकार गर्ने प्रवृत्तिले राजस्व परिचालनमा नकारात्मक असर परेको छ ।

## ४.३. राजस्व चुहावट नियन्त्रणका रणनीतिहरु

विभागले आफ्नो उद्देश्य परिपूर्तिका लागि तथा तोकिएका कार्य क्षेत्र अनुरुप कार्य सम्पादन गर्नु पर्दा मूलतः देहायका तीन रणनीति अवलम्वन गर्ने गर्दछ :

- प्रवर्धनात्मक उपाय (Promotional Measures) : प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, जागरण अभियान, संस्थागत सुद्धिढीकरण, कार्य प्रणाली र कार्यविधि सुधार आदि ।

- निरोधात्मक उपाय (Preventive Measures) : नियम कानूनको पालना, गस्ती परिचालन, आचारसंहिता पालना गर्ने गराउने आदि ।

- उपचारात्मक उपाय ( Curative Measures) : कब्जा गर्ने, छापा मार्ने, जफत गर्ने, दण्डित गर्ने, क्षतिपूर्ति लिने, लिलाम विक्री गर्ने आदि ।

## ४.४. राजस्व चुहावट नियन्त्रणको कार्यनीतिहरु

सरकारको वर्तमान राजस्व चुहावट नियन्त्रण कार्यनीतिले समग्र राजस्व प्रशासनको सुधारका लागि देहायका कार्य गर्ने गरी प्रस्ताव अघि सारेको छ :

- राजस्व चुहावटमा संलग्न कुनैपनि व्यक्तिलाई उन्मुक्ति नदिइने ।
- सीमा सुरक्षा तथा राजस्व चुहावट नियन्त्रण गस्ती (आकस्मिक र द्रुत) परिचालन गर्ने ।
- बजार अनुगमन टोली मार्फत विलिङ. प्रणालीमा कडाई गर्ने ।
- चौविसै घण्टा खुला रहने नियन्त्रण कक्षको व्यवस्था गर्ने ।
- राजस्व अनुसन्धान विभागको संगठनात्मक संरचना पुनरावलोकन गर्न तथा कार्यप्रणाली तथा कार्यविधि सरल बनाउने ।
- सरोकारवाला बीच राजस्व परिचालन र चुहावट नियन्त्रण सम्वन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक सूचना प्रणालीको विकास गरी गैरस्थलगत अनुगमन प्रणालीको थालनी गर्ने ।
- भन्सार नाका तथा कारोवार स्थलहरुमा आधुनिक संयन्त्र जडान गरी आधुनिकीकरण गर्ने ।
- भन्सार नाका तथा व्यापारिक केन्द्रहरुको सघन निगरानी गरिने ।
- अवैध सामान राखिएका गोदाम तथा कारोवार स्थलहरुको छापामार्ने/सिल गर्ने कार्यलाई प्रभावकारी पार्ने ।
- चौविसै घण्टा परिचालन हुने गरी २५० सशस्त्र प्रहरी सहितको द्रुत गस्ती (Flying Squad) को नियमित परिचालन गर्ने ।
- प्रजिअको अध्यक्षतामा रहेको जिल्ला स्तरीय राजस्व चुहावट नियन्त्रण समितिको क्रियाशिलता बढाइने ।
- ज्यादै न्यून हुने गरी विलविजक पेश गरिएका मालवस्तु सरकारद्वारा नै खरिद गर्ने ।
- झिटीगुण्टा अन्तर्गत ल्याउन पर्ने मालवस्तुको स्पष्ट नीति बनाई व्यवस्थापन गर्ने ।
- भन्सार जाँचपास पश्चात्को परीक्षण (Post Clearance Audit-PCA) गर्ने व्यवस्थालाई प्रभावकारी तुल्याउन मद्दत पुर्‍याउने ।
- मेची, विराटनगर, विरगञ्ज र भैरहवाबाट आउने सामान सिलवन्दी कण्टेनरमा ल्याउने व्यवस्था गर्ने ।
- विक्रेताले आफ्नो कारोवारको अनिवार्यरुपले कर विजक/विजक जारी गर्नुपर्ने व्यवस्था पालना गर्ने गराउने ।
- मालसामानहरु ढुवानी गर्दा ढुवानीकर्ताहरुले ढुवानी घोषणापत्र र भन्सार प्रज्ञापनपत्र, विजक/चलान (स्टक ट्रान्सफर) आदि साथै राख्नुपर्ने अनिवार्य व्यवस्था गर्ने ।

- मालवाहक ढुवानीको साधनहरुले यात्रुहरु ओसारपसार गर्न र यात्रुवाहक सवारी साधनहरुले व्यापारिक मालसामान ढुवानी गर्न नहुने तथा निजी नम्बर प्लेटका गाडीहरुले आफ्नै बाहेक ब्यापारिक प्रयोजनका मालसामानहरु ढुवानी गर्न नपाइने व्यवस्थालाई कडाईका साथ पालना गर्ने गराउने ।
- आन्तरिक ओसारपसारको लागि आन्तरिक राजस्व विभागले जारी गरेको निर्देशिका बमोजिमका प्रमाणित कागजातहरु ढुवानी साधन साथ लिई हिंड्नु पर्ने ।
- राजस्व परिचालन र चुहावट नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन
- राजस्व चुहावट नियन्त्रण प्रभावकारी बनाउन आर्थिक सूचना प्रणालीको विकास गरी स्थलगत अनुगमन प्रणाली अवलम्वन गरिने
- राजस्व संकलनका कार्यविधि र प्रक्रिया सरल बनाउने । राजस्व संकलनका कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली मजबुट बनाउने
- भन्सार नाका तथा व्यापारिक केन्द्रहरुको सघन निगरानी, आवश्यकता अनुसार सिमानाका अवैध सामान राखिएका गोदाम तथा व्यापारिक कारोवार स्थलहरुको छापामार्ने लगायतका परिचालन सम्बन्धी कार्यहरु व्यापकहरुमा गरिने

# खण्ड पाँच : वर्तमान चुनौति र समस्याहरु तथा समाधानका उपायहरु

## ५.१. संस्थागत संरचनात्मक समस्याः

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने विभाग तथा इकाई कार्यालयहरुको वर्तमान संगठनात्मक संरचना पर्याप्त छैन । यो विशेषज्ञ कार्यालयको रुपमा नभई सामान्य कार्यालयको रुपमा रहेको छ र यसको आकार समेत सानो छ । विभागको हालको संगठनात्मक स्वरुपबाट विद्यमान चुनौतिलाई सम्बोधन गर्न पर्याप्त छैन ।

चार वटा इकाई कार्यालय तथा अस्थायी चेकपोष्ट थानकोट एवम् धुलिखेलको नियमित कार्य भनेको आन्तरिक ओसार पसारका विल विजकको फोटोकपि लिने, ढुवानीका साधनको छड्के चेकजांच गर्नेमा केन्द्रीत रहेको छ । व्यस्त प्रमुख राजमार्गमा प्रत्येक दिन हजार भन्दा बढी संख्यामा मालवाहक ढुवानीका साधन आवात जावत गर्दछन् । इकाई कार्यालयका सबै जनशक्ति त्यस्तो नियमित कार्यमा लाग्नु पर्ने वाध्यता छ, जसबाट अनुसन्धान गर्ने, बजार निरीक्षण गर्ने जस्ता कार्यमा पर्याप्त ध्यान दिन संम्भव छैन । साथै चेकपोष्टहरु सबै निश्चित स्थानमा रहेकोले सबै नाकाहरुमा दृष्टि पुऱ्याउन पनि सकेको छैन । जस्तै इकाई कार्यालय इटहरीको चेकपोष्ट इटहरी स्थित महेन्द्र राजमार्गको पश्चिम खण्ड इटहरी चोकबाट २ कि. मी. पश्चिममा छ । जसले विराटनगरबाट धरान तर्फ, पूर्व झापा तर्फ र झापाबाट विराटनगर तर्फ आवात जावत गर्ने ढुवानी साधनको चेकजांच गर्न सक्दैन । त्यस्तै इकाई कार्यालय, पथलैयाको पश्चिमतर्फ मात्र चेकपोष्ट रहेको र पूर्व र दक्षिण वीरगन्ज तर्फ चेकपोष्ट छैन । त्यस्तै बुटवलले उत्तरतर्फ मात्र चेकपोष्ट रहेको र पूर्व, पश्चिम र दक्षिणतर्फ छैन । कोहलपुर दक्षिण तर्फ मात्र चेकपोष्ट रहेको पूर्व पश्चिम राजमार्गमा नभएको अबस्था छ । साथै हाल भएका चेकपोष्ट संचालन गर्न पनि वर्तमान कर्मचारी व्यबस्था अपर्याप्त भएको । अन्य ठूला र जटिल प्रकृतिका राजस्व चुहावटका सूचना संकलन र अनुसन्धान मूलक कार्यमा जनशक्ति र विशेषज्ञताको कमीका कारण पर्याप्त ध्यान पुऱ्याउन सकिएको छैन । इकाई कार्यालयहरुमा रहेका ढाटहरु २०६५ श्रावणदेखि हटाएपछि विल/विजक संकलन गर्ने कार्यमा समेत कठिनाई भएको छ ।  अतः उपयुक्त संस्थागत प्रवर्द्धन र संरचनागत सुधार गर्न जरुरी भएको छ ।

## ५.२. नीतिगत समस्या

देहाय वमोजिमका नीतिगत समस्याले कार्य सम्पदानमा चुनौति थपिएका छन्:

- विभागमा अनुसन्धान कार्यका लागि आवश्यक विशेषज्ञ कर्मचारीको दरवन्दी छैन ।
- विभागको उद्देश्य र कार्यक्रम अनुरुपको कार्ययोजना र तद्अनुरुपको जनशक्ति छैन । यसलाई Economic Intelligence को रुपमा विस्तार गरी आर्थिक नीति निर्धारणमा योगदान दिलाउन सकिएको छैन ।

- नीतिगत रुपमा राजस्व प्रशासनमा विशिष्ट योग्यता, अनुभव, शिप र क्षमता भएका उच्च नैतिकवान, सद्‌चरित्रता भएका कर्मचारी विभागमा पठाउने नीतिगत स्वीकारोक्तिको अभाव छ ।
- राजस्व चुहावटका मुद्धा दायर विशेष अदालतमा दायर गर्ने व्यवस्था नभई सामान्य अदालत ( जिल्ला अदालत) मा दायर गर्ने व्यबस्था भएको । जसले गर्दा फैसला ढिलो हुने गरेको छ ।

## ५.३. कानुनी समस्या

देहाय वमोजिमका कानूनी समस्या विभागले महसुस गर्दै आएको छः

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समयानकूल परिमार्जन संशोधनको आवश्यकता महसुस गरिएको छ । आर्थिक क्षेत्रमा नविनतम अवधारणा आएको, चुहावटका नयां नयां क्षेत्रहरु देखा परेको, आर्थिक उदारिकरण, विश्वव्यापीकरणले सिर्जना गरेका अवसर र चुनौतिलाई सामना गर्न सक्ने ऐनको अभाव रहेको ।
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत नियमावली हालसम्म तर्जुमा हुन नसकेको ।
- विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ एवं नियमावली समेतमा संशोधनको आवश्यकता रहेको
- संपत्ति सुद्दिकरण निवारण ऐन अन्तर्गतको नियमावली तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको ।

## ५.४. मानव संसाधन विकास सम्बन्धी समस्या

विभागको समग्र उद्देश्य हासिल गर्न गतिशील साधन भनेको कर्मचारीहरु नै हुन् । तुलनात्मक रुपमा यस विभागका कर्मचारीहरुलाई वैदेशिक तालीम र शिक्षाको अवसर न्यून छ । व्यवसायिकतालाई अगाडि बढाउने, अनुसन्धान क्षमता भएका, उच्च आत्मसम्मान, मनोवलयुक्त दक्ष, सवल तथा उत्तरदायी कर्मचारी व्यवस्था अपेक्षा अनुरुप भएको अबस्था छैन । चाडो चाडो सरुवा हुने, राजस्व समूह भित्रै सरुवा भै रहने हुंदा कतिपय अबस्थामा अनुसन्धान छानवीन कार्य प्रभावकारी नहुन सक्छ ।

## ५.५. सूचना प्रणाली सम्बन्धी समस्या

राजस्व चुहावट नियन्त्रण गर्ने जस्तो संवेदनशील कार्यको लागि भरपर्दो सूचना संयन्त्रको आवश्यकता पर्छ । तर हालसम्मको अबस्थालाई हेर्दा प्रभावकारी सूचना प्रणाली विकास गर्न सकिएको छैन र प्राप्त सूचनाको पनि न्यून प्रयोग भएको पाइन्छ । इकाई कार्यालयहरुमा प्राप्त हुन आएका विजकहरुलाई चुहावट नियन्त्रणको लागि सूचना र प्रमाणको आधार बनाउनु पर्नेमा पूर्वाधारको अभावमा सो हुन सकेको छैन । त्यस्तै अन्य निकायबाट, निजी क्षेत्रहरुबाट नियमित रुपमा सूचना प्राप्त गर्ने सूचना सञ्जालको विकास गर्न आवश्यक छ ।

## ५.६.संगठनात्मक समस्या

विभाग र अन्तर्गत इकाइ कार्यालयमा देहायका संगठनात्मक समस्या विद्यमान छनः

- संगठनात्मक स्वरुप अनुसन्धानमूलक एवं कार्यमूलक नभएको ।
- विशेषज्ञतामा आधारित अधिकृतमूल संरचनाको अभाव रहेको ।
- भौगोलिक तथा कार्यमूलक रुपमा राजस्व चुहावटका सबै क्षेत्रमा ध्यान दिन नसक्ने संगठनात्मक ढांचा ।
- चेकपोष्ट केन्द्रीत निम्न तहका कर्मचारीहरु संख्यात्मक रुपमा बढी रहेको ।

## ५.७. कार्य प्रकृयागत समस्या

कार्य पद्धति र प्रक्रियामा निम्नानुसारका समस्या विद्यमान छनः

- राजस्व अनुसन्धान विभागलाई कुन रुपमा अगाडि बढाउंदा बढी भन्दा बढी राजस्व परिचालनमा सहयोग पुग्दछ भन्ने दूरगामी सोचको अभाव ।
- Economic Intelligence को रुपमा कार्यमूलक संगठनात्मक संरचना बनाई अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको ।
- आर्थिक क्षेत्रका जटिल प्रक्रिया, व्यापारिक छल, अन्तर्राष्ट्रिय व्यापार, लेखा प्रणालीको ज्ञान र कर योजना अनुरुप गरिएको राजस्व चुहावट पत्ता लगाई नियन्त्रण गर्न उपयुक्त मानव संसाधन र सूचनाको अभाव रहेको ।
- भन्सार, आयकर, मू. अ. कर, अन्तःशुल्कका क्षेत्रमा भएका राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण गर्न स्पष्ट प्रकृयाको अभाव रहेको ।

## ५.८. साधन र श्रोतको समस्या

विभाग र अर्न्तगत साधन स्रोत सम्बन्धी देहायका समस्या देखिएका छनः

- पर्याप्त आर्थिक साधन नहुनु,
- सूचना प्रविधिको पर्याप्त प्रयोग हुन नसक्नु,
- विशिष्ट योग्यता, अनुभव, शिप, क्षमता र तालीम प्राप्त मानव संसाधनको निरन्तर विकास र उपयोगको योजना तथा कार्यक्रमको अभाव,
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरुको कार्य प्रकृति हेर्दा जुनसुकै समयमा पनि कार्यालय काममा खटिनु पर्ने तर थप आर्थिक सुविधा नभएको कारण कर्मचारीहरुमा उत्प्रेरणा कम भएको ।
- कर्मचारीहरुलाई तालीमको अवसर नहुनु ।

## खण्ड छ : राजस्व अनुसन्धान सुदृढीकरण तथा आर्थिक अपराध नियन्त्रणको लागि विकल्पहरु

### (क) आर्थिक अपराध नियन्त्रण व्यूरोको स्थापना

राजस्व अनुसन्धान र आर्थिक अपराध नियन्त्रण गर्ने उद्देश्यले एकै प्रकृतिका कार्यहरु सम्पादन गर्ने गरी भिन्न भिन्न विभाग/निकाय खडा गर्नु भन्दा एकल विभाग खडा गरी मिल्दाजुल्दा प्रकृतिका कार्यहरु एकीकृतरुपले सोही विभागबाट सम्पादन गर्नु गराउनु उचित देखिन्छ । अतः पहिलो विकल्पका रुपमा हालको राजस्व अनुसन्धान विभागलाई स्तरोन्नती गरी "आर्थिक अपराध नियन्त्रण ब्यूरो" को रुपमा स्थापना गर्नु सान्दर्भिक देखिन्छ । यस्तो ब्यूरो अन्तर्गत सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण, विदेशी विनिमय तथा राजस्व सम्बन्धी सबै प्रकृतिका अनुसन्धान एवं अपराधिक कार्यहरु राखिनु उपर्युक्त हुन्छ । यसरी राजस्व अनुसन्धान विभागको स्तरोन्नती गर्दा यसको नेतृत्व राजपत्राकिंत विशिष्ट श्रेणीको अधिकृतबाट गर्नु व्यवहारिक हुन्छ । ब्यूरो अर्न्तगत आवश्यकता अनुरुप विभिन्न महाशाखाहरु वा महानिर्देशनालय राख्ने व्यवस्था मिलाइनु पर्दछ ।  हाललाई राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुख/महानिर्देशक राखि देहायका महाशाखा/महानिर्देशनालय खडा गर्न उपर्युक्त हुने देखिन्छ :

क. विदेशी विनिमय तथा सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण महाशाखा/महानिर्देशनालय

ख. सूचना प्रवर्द्धन तथा परिचालन  महाशाखा/महानिर्देशनालय (सशस्त्र प्रहरी र गस्ती परिचालन सहितको कार्य गर्ने गरी)

ग. भ्रष्टाचार तथा राजस्व चुहावट नियन्त्रण महाशाखा/महानिर्देशनालय

घ. सार्वजनिक खरिद अनुगमन तथा प्राविधिक परीक्षण महाशाखा/महानिर्देशनालय

उक्त व्यूरो गठन गर्दा सरकारी संरचनालाई बोझिलो नबनाउने उद्देश्यले हालको राष्ट्रिय सतर्कता केन्द्र र राजस्व अनुसन्धान विभागलाई एकिकृत गरिनु पर्छ । यसो गर्दा आर्थिक अपराध सम्बन्धी विषयहरु, सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने तथा आयोजना/परियोजनाहरुको प्राविधिक परीक्षण (Technical Audit) गर्ने जस्ता पक्षहरुमा पनि उक्त ब्यूरोलाई जिम्मा दिने र प्रशासनिक निगरानीका कार्यहरु मात्र गर्ने गरी सामान्य प्रशाासन मन्त्रालय अर्न्तगत एक सानो इकाई खडा गरी व्यवस्थित गरिनु उपर्युक्त हुनेछ ।

प्रस्तावित ब्यूरोको लागि राजस्व समूहका अतिरिक्त सीप र दक्षतायुक्त विविध विषयका विज्ञ विशेषज्ञ कर्मचारीहरु खटाईनु पर्दछ । ब्यूरोलाई राजस्व अनुसन्धान र आर्थिक अपराध नियन्त्रणको क्षेत्रमा Center of Excellence बनाउन आवश्यक पर्ने पूर्वाधारको विकास गरिनुपर्छ र आवश्यकता अनुरुप क्षेत्रीय/इकाई कार्यालयहरु खडा गरिनु पर्छ । ब्यूरोलाई राजस्व संकलन र आर्थिक अपराध नियन्त्रणको दृष्टिकोणले अर्थ मन्त्रालय अर्न्तगत नै राखिनु उपर्युक्त देखिन्छ । ब्यूरोमा खटिने कर्मचारीहरु अनुसन्धान सम्बन्धी ज्ञान, सीप भएका हुनु पर्दछ । ब्यूरोलाई बढी स्वायतता प्रदान गरी आर्थिक गुप्तचरी, निगरानी तथा जोखिममा आधारित अनुसन्धान गर्न सक्ने संगठनको रुपमा विकास गर्नुपर्ने हुन्छ । त्यसैगरी अन्तराष्ट्रिय स्तरको मापदण्ड अनुरुप अनुसन्धान गर्न सक्ने निकायको रुपमा ब्यूरोको सञ्चालन गर्न सके यसले विश्व स्तरको आर्थिक अपराध नियन्त्रण गर्न सक्ने देखिन्छ । त्यसैगरी राजस्व चुहावट र नियन्त्रण गर्ने कार्यको लागि छुट्टै सुरक्षा बलको आवश्यकता पर्ने हुनाले ब्यूरो अन्तर्गत रहने गरी सुरक्षा उपकरणहरु सहितको "राजस्व/आर्थिक अपराध नियन्त्रण  सुरक्षा बल" गठन गरी राजस्व चुहावट तथा आर्थिक अपराध नियन्त्रण गर्ने प्रयास गर्नु पर्छ ।

### (क) रा.अ.वि.को पूर्नसंरचना र सुदृढीकरण

त्यसैगरी दोस्रो विकल्पमा हालको विभागको कार्य जिम्मेवारीमा मुद्रा निर्मलीकरण निवारणको कार्य समेत यसै विभागलाई पूर्ण रुपमा सुम्पिने र विभागको संगठनात्मक संरचनामा परिवर्तन गरी राजपत्राकिंत प्रथम श्रेणीका महानिर्देशक अन्तर्गत दुई उपमहानिर्देशक कायम गरी राजस्व (कर, अन्तःशुल्क, भन्सार र गैरकर) तर्फ एकजना उप-महानिर्देशक र अन्य आर्थिक अपराध (विदेशी विनिमय, मुद्रा निर्मलीकरण नियन्त्रण र अन्य) तर्फ अर्को उप-महानिर्देशकलाई जिम्मेवार बनाउन उपर्युक्त हुने देखिन्छ । त्यसै गरी शाखा, उपशाखा क्षेत्रीय इकाई र उप-इकाई कार्यालयहरुलाई आवश्यकता अनुरुप पुनर्संरचना गर्न सकिन्छ । यस्तो विभागमा माथि पहिलो विकल्पमा उल्लेख भए अनुसार राजस्व समूहका अतिरिक्त सूचना प्रविधि, तथ्याङ्क विश्लेष्ण, विदेशी विनिमय, वित्तीय र मौद्रिक नीति तथा सुरक्षा व्यवस्थामा दक्षता/विज्ञता हासिल गरेका अनुभवी पेशाविद्हरुलाई नियुक्त गर्ने व्यवस्था हुनुपर्दछ ।

संक्षेपमा भन्नुपर्दा राज्यको समष्टिगत र दीगो विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्ने सन्दर्भमा राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रण कार्यलाई उपर्युक्त ढंगले व्यवस्थित गरी स्वस्थ्य र राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न कार्यमा गहन जिम्मेवारी वहन गर्नुपर्ने दायित्व भएको वर्तमान राजस्व अनुसन्धान विभागलाई समयसापेक्ष परिमार्जन र सुधार गरेमा मात्र बदलिएको आर्थिक/वित्तीय परिवेश अनुकूल यसले आफ्नो कार्यसम्पादन स्तरलाई प्रभावकारी र नीतिमुखी बनाउन सक्ने अपेक्षा गर्न सकिन्छ ।

<u>अनुसूचिहरु</u>

| | |
|---|---|
| अनुसूची - १ | विभागको संगठनात्मक संरचना |
| अनुसूची - २ | विभाग र अन्तर्गत मौजूदा कर्मचारी दरवन्दी विवरण |
| अनुसूची - ३ | मूल्य अभिवृद्धि कर तर्फ कारवाहीको विवरण |
| अनुसूची - ४ | आयकर तर्फ कारवाहीको विवरण |
| अनुसूची - ५ | अन्तःशुल्क तर्फ कारवाहीको विवरण |
| अनुसूची - ६ | भन्सार तर्फ कारवाहीको विवरण |
| अनुसूची - ७ | विदेशी विनिमय तर्फ कारवाहीको विवरण |
| अनुसूची - ८ | कार्यगत लक्ष्य प्रगति विवरण |
| अनुसूची - ९ | राजस्व संकलन सम्बन्धी विवरण |